# किसान लघुवित्त वित्तीय संस्था लिमिटेड

केन्द्रीय कार्यालय, धनगढी, कैलाली

## चौथो वार्षिक साधारणसभा सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति २०७९।१२।७)

यस संस्थाको संचालक समितिको मिति २०७९/१२/५ मा बसेको ११४औं बैठकको निर्णयानुसार संस्थाको चौथो वार्षिक साधारणसभा निम्न विषय उपर छलफल तथा निर्णय गर्न निम्न मिति, समय र स्थानमा बस्ने भएको हुँदा कम्पनी ऐन, २०६३ को दफा ६७ अनुसार सम्पूर्ण शेयरधनी महानुभावहरुको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

**१) मिति, स्थान र समय**

**मिति:** २०७९ साल चैत्र २८ गते मंगलवार

**समय:** विहान ११:०० बजे

**स्थान :** ऱ्याकेट इभेण्टस, सुन्दरबस्ती, बुढानिलकण्ठ.न.पा.-८, काठमाण्डौ ।

**२) छलफलका विषयहरु:**

**क) साधारण प्रस्तावहरु**

१. सञ्चालक समितिको तर्फबाट अध्यक्षज्यूद्वारा प्रस्तुत हुने आ.व.२०७८/७९ को वार्षिक प्रतिवेदन उपर छलफल गरी पारित गर्ने ।

२. लेखापरीक्षकको प्रतिवेदन सहित २०७९ आषाढ मसान्तको वासलात, आ.व. २०७८/७९ को नाफा नोक्सान हिसाब तथा नगद प्रवाह विवरण लगायतका वित्तीय विवरण (अनुसूची सहित) उपर छलफल गरी पारित गर्ने ।

३. संचालक समितिबाट प्रस्ताव गरिएको यस संस्थाको चुक्ता पूँजीको ०.३६८४२ प्रतिशतले हुने रु.१७,३६,६२८/- (अक्षेरुपी सत्र लाख छत्तीस हजार छ सय अठाइस मात्र) नगद लाभांश (कर प्रयोजनका लागि) स्वीकृत गर्ने ।

४. संस्थाको आ.व.२०७९/८० को लेखापरिक्षण कार्यका लागि लेखापरीक्षण समितिको सिफारिस बमोजिम लेखापरीक्षक नियुक्ति गर्ने र निजको पारिश्रमिक निर्धारण गर्ने ।

५. संस्थापक समूहको रिक्त संचालक नियुक्तिको अनुमोदन गर्ने ।

**ख) विशेष प्रस्तावहरु :**

१. संस्थाको सञ्चालक समितिले प्रस्ताव गरे बमोजिम आ.व. २०७८/७९ को मुनाफाबाट हालको चुक्ता पुँजी रु.४७,१३,७०,५३०/- को ७ प्रतिशतले हुने रकम रु.३,२९,९५,९३७/- (अक्षेरुपी तीन करोड उन्तीस लाख पंचानब्बे हजार नौ सय सैंतीस मात्र ) बराबरको बोनश शेयर वितरण गर्ने ।

२. उपरोक्त बोनश शेयर जारी गर्नका लागि आवश्यक हद सम्म जारी तथा चुक्ता पूँजी वृद्वी गर्ने ।

३. सर्वसाधारण र संस्थापक शेयरधनीहरुको शेयर स्वामित्व अनुपात संशोधन गर्ने ।

४. थप सार्वजानिक निष्काशन (फर्दर पब्लिक इस्यु) गरी सूर्वसाधारणलाई शेयर जारी गर्ने ।

५. उपरोक्त प्रस्तावहरु बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने ।

६. संस्थाले अन्य लघुवित्त वित्तीय संस्थाहरु गाभ्ने/गाभिने वा प्राप्ति (एक्विजिसन) सम्बन्धी प्रक्रिया अगाडि बढाउन र तत् सम्बन्धित सम्पूर्ण कार्य गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने प्रस्ताव पारित गर्ने ।

७. वित्तीय संस्थाको प्रवन्धपत्र तथा नियमावलीमा संशोधन गर्ने सिलसिलामा सम्बन्धित निकायहरुबाट आवश्यक निर्देशन प्राप्त भएमा सोही बमोजिम प्रवन्धपत्र तथा नियमावलीमा संशोधन एवं परिमार्जन गर्न सञ्चालक समितिलाई अख्तियारी प्रदान गर्ने ।

**ग) विविध**

**संचालक समितिको आज्ञाले**
**कम्पनी सचिव**

(सभामा छलफल गरिने संचालक समितिको प्रतिवेदन तथा लेखापरिक्षकको प्रतिवेदन सहितको वासलात, नाफा नोक्सान हिसाव, साधारणसभा सम्बन्धी जानकारी आवश्यक भएमा यस संस्थाको केन्द्रीय कार्यालय, धनगढी कैलाली र कर्पोरेट कार्यालय वुढानिलकण्ठ, काठमाण्डौमा सम्पर्क गर्न हुन अनुरोध छ।)

### साधारण सभा सम्बन्धी अन्यजानकारी

१) साधारण संभा प्रयोजनका लागि मिति २०७९ चैत्र २० गते शेयरधनी दर्ता किताब/शेयर दाखिल खारेज बन्द हुने छ। चौथो बार्षिक साधारण सभामा मिति २०७९/१२/१९ गते सम्म कायम रहेका शेयरधनीहरुले मात्र भाग लिन पाउने छन् ।

२) शेयरधनी महानुभावहरुले साधारण सभामा भाग लिन आउँदा आफ्नो हितग्राही खाता (डिम्याट) खोलिएको वा शेयर प्रमाणपत्र र आफ्नो परिचय खुल्ने प्रमाणपत्र नागरिकता प्रमाणपत्र वा आफ्नो कुनै परिचयपत्र साथमा लिई आउनुपर्ने छ। परिचय खुल्ने कागजात नदेखाई सभामा भाग लिन पाईने छैन ।

३) सभामा भाग लिन इच्छुक शेयरधनी महानुभावहरुले सभा हुने स्थानमा उपस्थित भई सभामा रहेको हाजिरी पुस्तिकामा दस्तखत गर्नुपर्ने छ। सभा हुने दिन हाजिरी पुस्तिका विहान ९:०० बजे देखि सभा संचालन रहे सम्म खुल्ला रहनेछ। सो समय पछि हाजिरी पुस्तिका बन्द हुनेछ।

४) शेयरधनीले आफ्नो प्रतिनिधि (प्रोक्सी) नियुक्त गर्दा आफु जुन समूह/उप-समूहको शेयरधनी हो, सोही समूह/उपसमूहको अर्को शेयरधनीलाई मात्र प्रोक्सी दिन पाईने छ।

५) प्रतिनिधि पत्र (प्रोक्सी फारम) किसान लघुवित्त वित्तीय संस्था लिमिटेडको केन्द्रीय कार्यालय धनगढी, कैलाली वा कर्पोरेट कार्यालय मण्डिखाटार काठमाण्डौबाट वा यस संस्थाको शेयर रजिष्ट्रार सेञ्चुरी क्यापिटल मार्केट लि., कमलादी काठमाण्डौबाट प्राप्त गर्न सकिने छ।

६) प्रतिनिधि पत्र (प्रोक्सी फारम) सभा शुरु हुनु भन्दा न्यूनतम ७२ घण्टा अगावै अर्थात् २०७९/१२/२५ गते विहान ११:०० बजे भित्र संस्थाको केन्द्रीय वा कर्पोरेट कार्यालय वा सेञ्चुरी क्यापिटल मार्केट लि. मा दर्ता गरिसकु पर्ने छ।

७) शेयरधनीले एकभन्दा बढि ब्यक्तिलाई आफ्नो शेयर विभाजन गरि वा अन्य कुनै किसिमबाट छुट्याई प्रोक्सी दिन पाइने छैन । प्रोक्सी प्रचलित कम्पनी ऐन तथा नेपाल कानूनले तोकेको ढाँचामा दिनुपर्नेछ। संस्थाको शेयरधनी बाहेक अन्य ब्यक्तिलाई प्रोक्सी दिन पाईने छैन । त्यसरी दिएको प्रोक्सी बदर हुनेछ।

८) शेयर खरिद गरेको संगठित संस्था वा कम्पनिले संस्थाको सम्बन्धित समूह/उपसमूहको अर्को कुनै शेयरधनीलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गर्न सक्ने छैन । त्यसरी प्रोक्सी मुकरर नगरीएको अवस्थामा मनोनित गरेको प्रतिनिधिले निज संस्थाको शेयरधनी नभएतापनि शेयरवालाको हैसियतले सभामा भाग लिन सक्नेछन् ।

९) एकजना शेयरधनीले एकभन्दा बढिलाई प्रतिनिधि (प्रोक्सी) मुकरर गरेमा प्रतिनिधि (प्रोक्सी) स्वतः बदर हुनेछ। तर पहिला दिएको प्रतिनिधिपत्र (प्रोक्सी फारम) बदर गरि पछि दिइएको प्रतिनिधि पत्रलाई मात्र मान्यता दिन अनुरोध गरि छुट्टै पत्र साथप्रतिनिधि पत्र (प्रोक्सी फारम) तोकिएको समयअवधि भित्रै दर्ता गर्न ल्याएमा छुट्टै पत्रसाथ प्राप्त पछिल्लो प्रतिनिधि पत्र (प्रोक्सी फारम) लाई मान्यता दिइनेछ।

१०) प्रतिनिधि नियुक्त गरिसकेको शेयरधनीले सभाको कामकारबाही सुरु हुनुभन्दा अगावै आफै सभामा उपस्थित भई हाजिरी पुस्तिकामा दस्तखत गरेमा त्यस्तो शेयरधनीले दिएको प्रतिनिधि-पत्र (प्रोक्सी ) स्वतः बदर भएको मानिनेछ।

११) लेखापरिक्षकको प्रतिबेदन सहितको संस्थाको आर्थिक विवरण, सञ्चालक समितिको प्रतिबेदन, कम्पनि ऐन २०६३ को दफा ७८ बमोजिमको प्रतिबेदन लगायतका कागजात शेयरधनीले निरिक्षण वा प्राप्त गर्न चाहेमा संस्थाको केन्द्रीय कार्यालय धनगढी वा कर्पोरेट कार्यालय मण्डिखाटार काठमाण्डौ वा संस्थाको शेयर रजिष्ट्रार सेञ्चुरी क्यापिटल मार्केट लि. कमलादी काठमाण्डौबाट निरीक्षण गर्न तथा प्राप्त गर्नसक्नु हुनेछ। सो विवरण संस्थाको वेबसाईट https://kisanlaghubitta.com.np मा समेत उपलब्ध हुनेछ।

१२) शेयरधनी महानुभावहरुले आफ्नो जिज्ञासा वा जानकारी सभामा प्रस्तुत गर्न चाहेमा त्यस्तो जिज्ञासा वा जानकारी सभा हुनुभन्दा ७ दिन अगावै लिखित रुपमा कम्पनि सचिव मार्फत सञ्चालक समितिको अध्यक्षलाई बुझाउनु पर्नेछ। त्यस्तो जिज्ञासा तथा जानकारी सभाको विषय सुचिको विविध शिर्षकमा समावेश हुनेछ। तर छलफल र पारीत हुने प्रस्तावको सूचिमा समावेश हुनेछैन ।

१३) नाबालक तथा अशक्त शेयरधनीहरुको तर्फबाट संस्थाको शेयर लगत किताबको संरक्षकका रुपमा नाम दर्ता भएको ब्यक्तिले सभामा भाग लिन वा मतदान गर्न वा प्रतिनिधि (प्रोक्सी) तोकन सक्नुहुनेछ।

१४) सभामा भर्चुअल माध्यमबाट उपस्थित हुन चाहाने शेयरधनी महानुभावहरुले hrd.kisanmf@gmail.com मा इमेल गरी वा ०१४३७२२७४ मा सम्पर्क गरी सभा सुरु हुनु भन्दा ४८ घण्टा अगावै आफ्नो नाम र इमेल ठेगाना टिपाउनु पर्नेछ। भर्चुअल माध्यमबाट उपस्थित हुने शेयरधनी महानुभावहरुलाई Meeting ID/Passcode उपलब्ध गराई सभामा सहभागी हुने व्यवस्था मिलाइने छ। सभा सुरु हुनुभन्दा एक घण्टा अगाडीनै भर्चुअल माध्यम खुला गरिनेछ । उक्त एक घण्टाको समय भित्र सभामा सहभागी हुने शेयरधनी महानुभावहरुलाई दिइएको ID/Passcode को माध्यमबाट Login गरी आफ्नो परिचय, डिम्याट खाता नं. र शेयर संख्या सहित उपस्थितिको जानकारी सभालाई दिनु पर्नेछ।

१५) शेयरधनी महानुभावहरुले साधारण सभा सम्बन्धमा थप जानकारी आवश्यक परेमा कार्यालय समयावधिभित्र यस संस्थाको केन्द्रीय कार्यालय धनगढी वा कर्पोरेट कार्यालय मण्डिखाटार काठमाण्डौ वा संस्थाको शेयर रजिष्ट्रार सेञ्चुरी क्यापिटल मार्केट लि. कमलादी काठमाण्डौबाट प्राप्त गर्न सकिने छ।

मिति २०७९-१२-०७ गतेको दिन कारोबार राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित सूचना

[signature]

किसान लघुवित्त वित्तीय संस्था लिमिटेड
Kisan Laghubitta Bittiya Sanstha Ltd
कर्पोरेट कार्यालय: बुढानिलकण्ठ, काठमाडौं